प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं १ धनकुटा

( योजना तथा कार्यक्रम समन्वय शाखा )

पत्र संख्याः:

चलानी नं.:

धनकुटा, नेपाल

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय प्रदेश नं १ धनकुटा, नेपाल

मितिः- २०७५/११/२१

**विषयः अपाङ्ग छात्रबृत्ति सम्बन्धी सूचना ।**

उक्त सम्बन्धमा सामाजिक विकास मन्त्रालय, प्रदेश नं १ विराटनगरबाट प्राप्त यस निर्देशनालयको आ ब २०७५/०७६ को  कार्यक्रमअनुसार उच्च शिक्षामा अध्ययन गर्ने अपाङ्ग विद्यार्थीहरुलाई छात्रबृत्ति वितरण गर्ने प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रदेश नं १ भित्र सञ्चालित क्याम्पसहरुमा अध्ययनरत अपाङ्ग विद्यार्थीहरुले मिति २०७५/१२/२९ गते कार्यालय समयभित्र यस निर्देशनालय वा आफूलाई पायक पर्ने प्रदेश नं १ भित्रका शिक्षा विकास तथा समन्वय इकाइमा छात्रवृत्तिको लागि निवेदन पेश गर्नु हुन अनुरोध छ । रीत नपुगी वा म्याद नाघी आएको निवेदन उपर कुनै कार्यवाही गरिने छैन । साथै प्रदेश नं १ भित्रका शिक्षा विकास तथा समन्वय इकाइहरुले यस सूचनाअनुसार प्राप्त निवेदनहरुलाई तोकिएको समयभित्र संकलन गरी छिटो साधनबाट यस निर्देशनालयमा पठाउनु हुनसमेत यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

(लक्ष्मीप्रसाद भट्टराई)

निर्देशक

शिक्षा विकास निर्देशक

पेश गर्नुपर्ने कागजातहरुः

१. सम्बन्धित विद्यार्थीको निवेदन

२. अघिल्लो बर्ष/तह पास गरेको लब्धाङ्क पत्रको प्रतिलिपि

३. स्नातक तथा स्नातकोत्तर तहमा भर्ना भई अध्ययन गरिरहेको ब्यहोरा खुलेको क्याम्पसले दिएको पत्र र नीजले अन्य कुनै निकायबाट सोही प्रकृतिको छात्रवृत्ति नपाएको भनी क्याम्पसले प्रमाणित गरेको पत्र ।

४. नेपाल सरकारबाट प्राप्त अपाङ्गताको परिचयपत्रको प्रमाणित प्रतिलिपि ।

५. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

६. डेरामा बसेको भए घरधनीले दिएको प्रमाण ।

७. आफ्नै नाममा रहेको बैंक खाता नं र बैंकको नाम र शाखा ।

☎ कार्यालयः ०२६-५२०२२०, आवासः फ्याक्स समेत ०२६-५२०२१९; ; e-mail: reddkt@gmail.com नोटीसबोर्ड नं. : १६१८०२६५२०२२० web:www.ered.gov.np